

# अध्याय ३

# सिकाइ क्रियाकलापहरुका लागि आम निर्देशनहरु

यस भागमा अभिभावकहरुले आफ्नो बच्चालाई नयाँ सीपहरु सिकाउँदा सहयोगी हुने केही आम निर्देशनहरु उल्लेख गरिएको छ। यी आम निर्देशनहरु हरेक क्रियाकलापहरुका लागि अध्याय ५ देखि ८ र अध्याय १० र ११ मा भएका विशेष निर्देशनहरुसँगसँगै प्रयोग गर्नु आवश्यक छ।

## आफ्नो बच्चाको विशेषज्ञ तपाई नै हो

तपाईको बच्चा र उसको योग्यताका बारेमा तपाईलाई जति थाहा हुन्छ अरुलाई थाहा नहुन सक्छ। डाक्टर, स्वास्थ्यकार्यकर्ता, शिक्षक वा यस पुस्तकमा बताइएका भन्दा भिन्न छन् भने पनि बच्चाको गतिविधि या कार्यहरुबारे तपाईको धारणा र अनुभवलाई ध्यान दिनुहोस्। दृष्टिहिन बच्चाका अभिभावकका अनुभवहरुबाट पनि तपाईले सिक्न सक्नु हुन्छ तर हरेक बच्चाहरुको आनस्वानी तथा समस्या फरकफरक हुने गर्दछ। त्यसैले आफ्नो बच्चाको विशेषज्ञ तपाई नै हो।

## बच्चालाई आफै कार्य थाल्ने (नेतृत्व लिने) मौका दिनु होस्

खेलकुद संसारबारे सिक्ने एउटा महत्वपुर्ण उपाय हो। बच्चाले आफूलाई मन लागेको कुरा गरिरहदा पनि खेल्न ज्यादै इच्छुक रहेकोहुन्छ। यसकारण तपाईको बच्चाले कुनै वस्तु, व्यक्ति वा क्रियाकलापप्रति इच्छा राख्छ भने यी कुराहरुलाई नै खेलसँग गासेर उसलाई नया सीप सिकाउनका लागि सो खेललाई प्रयोग गर्नु होस्।

बच्चालाई कुनै कार्य थाल्न मौका दिने कुराले उसको सिकाइमा सहयोग गर्दछ। तर त्यो कार्य उसको रोजाइको हुनु पर्दछ र सो कार्यबाट हुने परिणाम केहीमात्रामा उसले नियन्त्रण गर्नसक्ने हुनु आवश्यक छ। यसको मतलव सवै कुरा योजनावेगरको हुनु हुदैन भन्ने हो। तपाईले तपाईका बच्चालाई आवश्यक पर्ने सीपहरु (पृष्ठ १२) र सो सीपहरुलाई सिकाउन सहयोगी हुने क्रियाकलापहरु तथा वस्तुबारे विचार गर्नु आवश्यक छ। त्यसपछि तपाईको बच्चाले खेलिरहदा उसलाई सिकाउन सहयोगी तरिकाबारे सोच्न सक्नु हुन्छ।



## क्रियाकलापहरु बच्चाका लागि अनुकुल बनाउनु होस्

बच्चाले कुनै खास सीप धेरै तरिकाबाट सिक्न सक्छ। तपाईले यस पुस्तकमा भएका क्रियाकलापहरुलाई तपाईको बच्चा, परिवार तथा समुदायमा उपयोगी हुने गरी अनुकुल बनाउनु सक्नु हुन्छ।

जब तपाईले बच्चासँग यी क्रियाकलापहरु गर्न थाल्नु हुनेछ, तब तपाईले उसलाई चाख मान्ने बनाउने र केही गर्न इच्छुक हुने तरिकाहरु पनि पहिचान गर्दै जानु हुनेछ ...



... अनि के कुराले उसलाई बेखुसी वा अनिच्छुक बनाउछन् सो कुराहरु पनि थाहा पाउनु हुनेछ।







क्रियाकलापहरुका लागि आवश्यक सामानहरु यस पुस्तकमा भएका नै हुनु पर्दछ भन्ने केही छैन, आफूसँग भएका सामानहरु प्रयोग गरेर पनि क्रियाकलापहरु गर्न सकिन्छ। जस्तै यस पुस्तकमा प्रयोग गरिएका वस्तु या खेलौनाहरुको सट्टबठा आफ्नो समुदायमा प्राप्त हुने अरु खालका वस्तु या खेलौनाहरु पनि प्रयोग गर्न सकिन्छ।

क्रियाकलापहरुलाई यसरी अनुकुल बनाउनुहोस् कि जुन तपाइहरुको दैनिक जीवनमा या पारिवारिक कार्यहरुमा पनि अनुकुल होउन् ।




## सर्वप्रथम क्रियाकलापहरुको आफैले अनुभव लिन प्रयाश गर्नुहोस्

आफ्नो बच्चालाई सिकाउन तयार हुने क्रममा क्रियाकलापका हरेक कदमलाई विचार गर्दै अभ्यास गर्नु होस् । यसो गर्नाले तपाइको बच्चालाई सिकाउन सवभन्दा उपयुक्त तरिका थाहा पाउन सजिलो पर्दछ ।



*यो बाबु आखा देख्न नसक्ने हुदा कसरी खुवाउन सकिन्छ भनेर सिक्न खोजिरहेको छ।*



*यो बाबु एक तर्फमात्र देख्न सक्ने हुदा कसरी खुवाउन सकिन्छ भनेर सिक्न खोजिरहेको छ।*

## बच्चाको नजिक रहेर काम गर्न सहयोग गर्नु होस्

बच्चालाई नयाँ क्रियाकलाप कसरी गर्ने भनेर बुझाउनु छ भने (जस्तो आफै खाना खान अथवा आफै कपडा लगाउन) यी क्रियाकलापहरु उसको नजिकै बसेर गर्नु भयो भने उसलाई तपाईका क्रियाकलापहरु बुझ्न सजिलो हुन्छ। कहिलेकाही तपाईले उसको हात समातेर गर्नु पनि राम्रो हुन्छ। तर, यसो गर्दा उसलाई सजिलो भएको छ छैन सोधेर गर्नु राम्रो हुन्छ।




## एकै तरिका या भाषामा सिकाउने गर्नु होस्

बच्चाहरुले धेरै समयसम्म एकै किसिमका कुरामा रुचि राख्ने गर्दैनन्। यसकारण तपाईले क्रियाकलापहरुलाई परिवर्तन गर्नुपर्ने हुन्छ। यसो भनेर तपाईले कुनै एक सीप सिकाउदा सो सीपका बारेमा कुरा गर्ने र सिकाउने तरिकामा परिवर्तन गर्ने हुदैन। यसको मतलव कुनै एक सीप सिकाउदा प्रत्येक पटक एकै तरिका अपनाएर (जस्तै, एकै शब्दहरु र कदमहरु (steps) प्रयोग गरेर) सो सीप सिकाउने गर्नुहोस्। यसो गरेमा क्रियाकलाप एकै शब्द तथा गतिविधिबाट शुरु गर्न र अन्त्य गर्न पनि सहयोग पुग्छ। यसरी बच्चाले कुन शव्द या गतिविधिपछि क्रियाकलाप सुरु वा अन्त (परिवर्तन) हुँदैछ भन्ने कुरा थाहा पाउँछ।




*यो वाक्य सुरजको बुवाले परिवारका सबैले नास्ता खाइसके पछि भन्ने गर्नुहुन्छ।*

## बच्चालाई विस्तारै काम गर्नका लागि समय दिनुहोस्

देख्न गाह्रो हुने बच्चाले विशेष गरेर पहिलो पटक कुनै पनि कार्य गर्न समय लगाउँछ। तपाईले उसलाई के गर्न लगाउनु भयो र त्यसको जवाफ के दिने भन्ने कुराको विचार गर्न उसलाई समय चाहिन्छ। त्यसकारण उसले गरेको कार्यमा सफल हुनका लागि उसलाई प्रशस्त समय दिनुहोस्।




## बच्चालाई उसले कस्तो गरिरहेको छ भन्ने कुरा थाह दिनुहोस्

राम्रोसँग आँखा देख्न नसक्ने बच्चाले आफूले गरिरहेको कार्य सकिन अब कति बाँकी छ भन्ने कुरा थाहा पाउँन सक्दैन। त्यसैले उसलाई उसले कति काम गरिसक्यो त्यसको जानकारी दिनु आवश्यक हुन्छ। नत्र भने आफूले कति काम गरिसकेको भन्ने कुरा थाह नपाई उ निरुत्साहित हुन सक्छ। सबै बच्चाहरु प्रशंसा खोज्छन्। यसकारण उसले राम्रो काम गरेको छ भने स्याबासी दिन पनि नभुल्नुहोस्।







## बच्चालाई उसको वरिपरि भइरहेका कुराबारे जानकारी दिनुहोस्

आँखा देख्ने बच्चालाई उसका वरिपरि के भइरहेका छन् भन्ने कुरा थाहा हुन्छ। जस्तै कोठामा को छ, को को कुरा गरिरहेका छन्, अरु मानिसहरुले के के गरिरहेका छन् र आवाज कहाँबाट आइरहेको छ भन्ने जस्ता कुराहरु थाहा हुन्छ। अन्धो बच्चाले यी सबै कुराहरु थाहा पाउनका लागि उसले आफ्नो आँखाबाहेकका अन्य ज्ञानेन्द्रियको प्रयोग गर्न सिक्नु पर्छ। तपाई उसका वरिपरि भइरहेका कुराको व्याख्या गरेर र थाहा दिएर उसलाई सिक्नमा सहयोग गर्न सक्नु हुन्छ।

## सम्झनुहोस्, बच्चाले कसरी सिक्छ

जव तपाईले बच्चालाई कुनै पनि नयाँ सीप सिकाउनु हुन्छ, उसले सो कुरा चरणबद्ध तरिकाले सिक्छ ।

सर्वप्रथम, उसले कुनै काम गर्ने सीप अरुको सहयोगले सिक्छ ।




त्यसपछि आफै यी सब कसरी गर्ने भनेर उसले सधैं सम्झी रहन्छ ।



अन्त्यमा, उसले त्यो सीप नयाँ अवस्थाहरुमा पनि प्रयोग गर्छ ।




बच्चालाई यी सबै तीन चरणहरु सिकाउदा सर्तक रहनुहोस् । यो पनि याद राख्नु होस्, सबै बच्चाले नयाँ सीपमा पारङ्गत हुन धेरैपटक अभ्यास गर्नु आवश्यक छ ।

सर्वप्रथम, यस पुस्तकमा भएका अधिकांश क्रियाकलापहरु तपाईको बच्चालाई सिकाउनका लागि धेरै सहयोगको आवश्यक पर्दछ। तर जब ऊ त्यो सीपमा पोख्त हुन्छ, त्यसपछि उसलाई सकेसम्म कम भन्दा कममात्र सहयोग गर्नु होस्। जस्तै तपाईको बच्चाले आफै खाना खान सिकेपछि :




शुरुमा तपाईले आफ्नो हात उसको हातमा राख्नुहोस् र उसका हातलाई मुखतिर लगिदिनुहोस्।




उसले कुनै कुनै क्रियाकलापहरु आफै गर्न सक्छ भन्ने लागेमा, तपाईको हातलाई खुकुलो पार्दै पाखुरालाई मात्र आड दिनु होस् ...




यसपछि कुइनोलाई तपाईको हातले आड दिनु होस्।

## बच्चालाई आत्मनिर्भर हुन प्रोत्साहन गर्नु होस्

बच्चाले कुनै पनि कार्य गर्न सहयोग खोज्नु स्वभाविक हो । तर धेरै सहयोग गर्ने कुरामा तपाई सतर्क पनि हुनुहोस् । अनावश्यकरुपमा सहयोग गर्नाले तपाईको बच्चाले संसारमा कसरी काम हुन्छ भन्ने कुरा सिक्ने अवसर पाउन सक्दैन । जस्तै :



*बच्चाले कुनै खेलाउना खसाल्यो भने उसले त्यो खेलाउना कसैले उठाएर देओस् भन्ने चाहना राख्नु स्वाभाविकै हो...*




*...तर तपाईले उसलाई आफै खेलाउना भेटाउन मद्दत गर्नु भयो भने उसले धेरै कुरा सिक्न सक्छ।*

## तपाईको बच्चाको बचेको दृष्टिको राम्ररी प्रयोग गर्नु होस्

तपाईको बच्चाले अलिअलि देख्न सक्छ भने, उसको बचेखुचेको दृष्टिशक्तिहरुको प्रयोग गरेर क्रियाकलापहरु गर्न कोशिश गर्नु होस् । ती क्रियाकलापहरु कसरी गर्ने कुराको व्याख्या अर्को अध्यायमा दिइएको छ ।

